**Sahayaatra, Vol. 9(1), 2026 (May), ISSN: 2594-3154**



# “गौथलीको चिरबिरी” कवितामा रसविधान

निर्मला ढकाल (विद्यावरिधि शोधार्थी)
मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय
Email: nirmaladhakal@occid.com
ORCID iD: https://orcid.org/0009-0005-7697-7154

**लेखसार**

प्रस्तुत लेखमा गौँथलीको चिरिबिरी कवितामा रसविधानको विश्लेषण गरिएको छ । पुस्तकालयबाट सामग्री सङ्कलन गरी प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग गरिएको यस लेखमा गुणात्मक अनुसन्धान पद्धति र पाठविश्लेषण विधिलाई उपयोग गरिएको छ । निगमनात्मक विधिमा सम्पन्न गरिएको यस लेखको सैद्धान्तिक आधार र अवधारणाका रूपमा संस्कृत काव्यचिन्तनलाई उपयोग गरिएको छ । रस वाङ्मयको भावनिर्मितिसँग सम्बन्धित अर्वाचीन सिद्धान्त हो । यसले कृतिमा अभिव्यक्त भएका कथ्यविषयलाई पाठकदे कसरी भावबोध गर्दछन् भन्ने पक्षलाई केन्द्रविन्दुमा राखी पाठको अध्ययन गर्दछ । प्रस्तुत गौँथलीको चिरिबिरी कवितामा अङ्गीरसका रूपमा शान्त रसको प्रयोग गरिएको छ । महाविनासकारी भूकम्पका कारण त्रसित मानसिकतामा बाँच्न बाध्य व्यक्तिलाई मानवेतर पात्रका माध्यमबाट ‘सम’ को दीक्षा दिइएको यस कवितामा मान्छे मानहितका लागि जन्मिएको हुनाले ऊ जहिल्यै मानवतावादी हुनुपर्ने कथ्यसन्देश प्रस्तुतिका लागि शान्तरसको प्रयोग गरिएको छ । यस लेखमा शान्तरसलाई परिपाक र रसप्रतीतिमा पुऱ्याउनका लागि महाविनासकारी भूकम्पको आभास दिने भयानक रस सहायक तथा मानवीय वेदनालाई देखाई वैराग्यबोधतर्फ प्रवृत्त गराउनका लागि करुण रस सहयोगी रसका रूपमा प्रयोग गरिएको विषयमा विमर्श गरिएको छ ।

***शब्दकुञ्जी:*** अङ्गीरस अङ्गरस, सहयोगी रस, मानवतावादी चेतना

**Article's information**
Manuscript received: 2025/10/30; Date of review : 2026/02/25; Date of manuscript acceptance 2026/04/10
Publisher: Sahayaatra, Nepal, Bhojpur; DOI: https://doi.org/10.3126/sahayaatra.v9i1.95645
Homepage: https://www.nepjol.info/index.php/sahayaatra; Copyright (c) 2026 Sahayaatra Journal
This work is licensed under the Creative Commons CC BY-NC License.
https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत लेख कवि लेखनाथ पौड्यालको “गौथलीको चिरबिरी” कवितामा संस्कृत काव्यचिन्तन मूलसमस्या तथा यसको समाधानका लागि काव्यहेतु र प्रयोजन, शब्दशक्ति, र ध्वनि तथा रससँग सम्बन्धित शोध्यसमस्याको समाधानमा केन्द्रित रहेको छ । माध्यमिक कालीन कविताधारालाई अन्त्य गरी आधुनिकतालाई स्थापना, विकास र उत्कर्षमा पुऱ्याउने लेखनाथ पौड्याल (१९४१–२०२२) मानक नेपाली भाषाको अनुसरण गरी कविता लेखनारम्भ गर्ने कवि हुन् । सिर्जनाक्षेत्रमा कविताकल्पद्रुम (१९६२) कवितासङ्ग्रहमा “श्रृङ्गार पच्चिसी”“ र “मानसाकर्षिर्णी” कविता प्रकाशन गरी यिनको साहित्ययात्रा आरम्भ भएको हो । लेखनीका आधारमा पौड्याललाई कविव्यक्तित्व प्रदान गर्न उनका *लालित्य* भाग १ (२०१०), *लालित्य* भाग २ (२०२५), *कविशिरोमणि लेखनाथ पौड्यालका प्रतिनिधि कविता* (२०४१) र *लेखनाथका प्रमुख कविता* (२०४६) कवितासङ्ग्रहका अतिरिक्त *शोकप्रवाह* (१९७०), *ऋतुविचार* (१९७३/९१), *बुद्धिविनोद* (१९७३), *सत्यकलिसंवाद* (१९७६) *गीताञ्जली* (१९८६), *अमर ज्योतिको सत्यस्मृति* (२००८), *मेरो राम* (२०११), *त्याग र उदयको युगल प्रकाश* (२०२२) खण्डकाव्य तथा *तरुण तपसी* (२०१०) नव्यकाव्य पर्याप्त छन् । प्रस्तुत “गौंथलीको चिरबिरी” कविता प्रथमपटक *शारदा* (१९९३) सालमा प्रकाशित भई २०१० सालमा लालित्य भाग १ कवितासङ्ग्रहमा सङ्गृहित भई पुनर्प्रकाशित भएको तथा पाठ्यक्रम परिपूर्तिको प्रयोजनका लागि तयार भएका विभिन्न पाठ्यसामग्रीमा पटकपटक प्रकाशित कविता हो । प्रस्तुत कविताको रचना सन्दर्भगत समयलाई नियाल्दा १९९० सालको महाविनासकारी भूकम्प र त्यसको भौतिक सामाजिक परिवेशको अवस्था प्रस्तुत भएको छ भने राजनीतिक अवस्थालाई नियाल्दा राणाकालीन जुद्धशमशेरको शासनकाल र तत्कालीन सन्दर्भको विवेचना भएको यो संस्कृत काव्यचिन्तनका आलोकमा अध्ययनीय सामग्री हो ।

प्रस्तुत कृतिको रचनासन्दर्भगत अवस्थालाई नियाल्दा यो १९९० साल माघ २ गतेको घटनालाई कथ्यविषयका रूपमा चयन गरिएको छ । यो कविताको रचनाका लागि चयन गरिएको विषयवस्तुका आधारमा तत्कालीन सामन्तवादी सरकारको कोपभाजनबाट बच्नका लागि एकवर्ष कुर्नुका पछाडि यसले अभिव्यक्त गरेको व्यञ्जनाप्रधान कथ्य नै हो यो कविताको प्रकाशन १९९२ सालमा गएर हुनुको तात्पर्य पनि तत्कालीन समयमा मानव बन्धन र अभिव्यक्तमाथिको नियन्त्रणलाई पुष्टि गर्ने आधार हुन् । यस कविताको ससामाजिक पक्ष गौँथलीको आवाजलाई सुनिरहेको सम्बोध निरङ्कुशताको प्रतिनिधि तथा कविताको अन्त्यमा उसको आम नागरिकलाई सहयोग गर्ने वचनबद्धताभित्र लुकेको व्यञ्जना तत्समयका सुझबुझ भएका व्यक्ति राणाकील बन्धनबाट मुक्तिका लागि उत्सुक रहेको तर तत्कालीन परिवशेशमा विद्रोह गर्न नसकिरहेको वस्तुसन्दर्भसँग सम्बन्धित छ । तत्कालीन राणा जुद्धशमशेरको शासनकाल तथा भूकम्पले क्षतविक्षत तुल्याएको पर्यावरणमा पनि मानव उन्मुक्तिलाई अपराध ठान्ने मानसिकताको प्रस्तुति भएको छ ।

प्रस्तुत कविताको सांस्कृतिक सन्दर्भलाई नियाल्दा पुँजीवादी विचारधाराको प्रभाव नेपाली समाजमा विकसित भइसकेको तथा त्यसैका कारण मानवता शून्य भई मान्छे एक्लो बन्दैगएको सन्दर्भमा मान्छेको मानवीय मूल्यको स्थापनाका लागि सङ्घर्षरत विषयको प्रस्तुति भएको छ । सम्बत् १९९० महाविनासकरी भूकम्पका कारण क्षतविक्षत बनेको मानवीय जीवनको दयनीय अवस्थाको द्योतक कृति बनेको प्रस्तुत कविता मानवीय मूल्यको ह्रास भई वर्तमान मान्छे सामाजिक विशेषतालाई त्यागी एकन्त र व्यक्तिवादी बन्दै गएको विषयलाई प्रस्तुत गर्ने माध्यम बनेको छ । भावनिर्मितिका दृष्टिले व्यग्र र जर्जर बनेको मानवीय स्वभावलाई तामसी गुणबाट निवृत्त भई सत्वगुणी बन्नका लागि प्रेरित गर्ने कथ्यसन्देश प्रस्तुत भएको प्रस्तुत कृति शान्तरस प्रधान अभिव्यक्ति हो । संस्कृत काव्यचिन्तनमा मानव मनोविज्ञान र तत्जन्य विविधतापूर्ण भावका साथै त्यसप्रकारका भाव निर्मितिका कारक कृतिमा के, कसरी र किन अभिव्यञ्जित भएका छन् ? कृति पठनबाट पाठक, श्रोता, दर्शक वा भावकका मानसिकतामा त्यसको प्रतिबिम्बनका आधार खोजी कृतिको समीक्षण, विश्लेषण र मूल्याङ्कन गर्ने रससिद्धान्त हो । रससिद्धान्तका आधारमा जुनसुकै विधाका सिर्जना हुने तथा यो भावसौन्दर्यको मेरुदण्ड रहेकाले यो संस्कृत काव्यचिन्तनको आधार पनि हो । रससिद्धान्तकै अन्तर्यमा शब्दशक्ति, अलङ्कार, गुण, रीति, ध्वनि वक्रोक्ति सिद्धान्तले पूर्णता प्राप्त गर्ने भएकाले यो संस्कृत काव्यचिन्तनको केन्द्रीय विषय हो । रससिद्धान्त काव्यको भावसौन्दर्यका आधारमा काव्यको विश्लेषण र मूल्याङ्कन गर्ने प्रमुख सिद्धान्त हो भने रसप्राप्तिका सम्बन्धमा विभिन्न मत स्थापित भएका छन् । संस्कृत काव्यचिन्तनमा सिद्धान्तका रूपमा स्थापित भएको रस भावसौन्दर्यसँग सम्बन्धित सिद्धान्त हो । यसको अध्ययन परम्परा वैदिक कालदेखि नै भए पनि साहित्यसिद्धान्तका रूपमा आचार्य भरतबाट आरम्भ भएको हो । नेपाली कविता परम्परामा आधुनिकताका प्रणयनकर्ता पौड्यालको प्रस्तुत 'गौँथलीको चिरिबिरी' कविता मानवतावादी जीवनचेतना भएको शान्तरसप्रधान काव्यिक सङ्कथन रहेको निष्कर्षमा पुग्नका लागि यस कृतिको रसविधानलाई नै यस लेखको मुख्य समस्या चयन गरिएको छ ।

**समस्याकथन**

प्रस्तुत लेख 'गौँथलीको चिरिबिरी' कवितामा रसविधानको विश्लेषणमा केन्द्रित छ । यस कवितालाई शान्त रसप्रधान कृतिको रूपमा संश्लेषित अवधारणा प्रस्तुत गरिए पनि कृतिको सम्पूर्ण अध्ययन गरिएको देखिँदैन । मान्छेको वीनमा आइपर्ने विद्रुपताका कारण सृजित विपद् परिस्थितिमा मानवता नै पहिलो धर्म हुने कथ्यविषयलाई प्रस्तुत गर्ने यस कवितामा मान्छे नै मान्छेका लागि उपयोगी हुने भएकाले सबै मानवताका लागि तत्पर भए इहलोक नै मोक्ष प्रदान गर्ने स्थान हुने तथ्यलाई प्रस्तुत गरिएको छ । काव्यिक रसनिरुपण गर्ने सैद्धान्तिक आधार र अवधारणाका आधारमा अध्ययनीय रहेको प्रस्तुत कृतिको रसविधानका कोणबाट विषयनिष्ठ अध्ययन हुनसकेको छैन । यस लेखमा यही विषयलाई शोधसमस्याका रूपमा लिई कवितामा अभिव्यक्त गरिएको रसप्रतीतिको अध्ययनका लागि निम्नलिखित शोधप्रश्नलाई आधार बनाइएको छः

(क) 'गौँथलीको चिरिबिरी' कवितामा अङ्गरसका रूपमा शान्तरसको प्रयोग केकस्तो छ ?

(ख) 'गौँथलीको चिरिबिरी' कवितामा अङ्गीरसका रूपमा भयानक रस कसरी छ ?

(ग) 'गौँथलीको चिरिबिरी' कवितामा सहयोगी रसका रूपमा करुण रस किन छ ?

प्रस्तुत लेखमा मुख्य र शोधप्रश्नका आधारमा कृतिनिष्ठ व्याख्या गर्नु नै यस लेखको प्रमुख उद्देश्य हो । संस्कृत काव्यचिन्तनअन्तर्गत रससिद्धान्तका आधारमा कविताको विश्लेषण गर्नु यसको सैद्धान्तिक तथा 'गौँथलीको चिरिबिरी' कवितालाई मात्र अध्ययनको आधार बनाइनु यसको विषयगत सीमाङ्कन हो । यो लेख रससिद्धान्तका आधारमा कृतिनिष्ठ अध्ययन गर्ने विद्यार्थी, अनुसन्धानकर्ता शोधार्थी र स्वतन्त्र अध्येताका लागि उपयोगी हुनुले यसको प्राज्ञिक औचित्यको पुष्टि हुन्छ ।

**शोधविधि**

प्रस्तुत लेखका लागि सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ । यसमा प्राथमिक स्रोतको सामग्री 'गौँथलीको चिरिबिरी' कविता हो । द्वितीयक स्रोतका सामग्रीका रूपमा रससिद्धान्त र यस कविताका विषयमा गरिएका पुस्तक, लेख, अनुसन्धानात्मक ग्रन्थ, शोधपत्र र विद्युतीय सञ्चार माध्ययममा प्रकाशित सामग्री हुन् । यी सामग्रीबाट अध्ययनको रिक्तता र सैद्धान्तिक अवधारणाको निर्माण गरिएको छ । गुणात्मक अनुसन्धान पद्धतिमा आधारित यस लेखमा पाठविश्लेषण विधिको उपयोग गरिएको छ । कृतिको सिद्धान्तनिष्ठ व्याख्या गरिने भएकाले यो सनगमनात्मक अनुसन्धान हो । यस लेखलाई निष्कर्षमा पुऱ्याउनका लागि विवेचनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ भने यसको सैद्धान्तिक आधार रससिद्धान्त हो ।

**सैद्धान्तिक आधार**

रससिद्धान्त आदि आचार्य भरतप्रदत्त 'विभावानुभावसञ्चारिभावसंयोगाद्रसनिष्पत्ति' (भरत, २०४०, पृ. २२८) विषयक रससूत्रको विशद् व्याख्या भई निर्माण भएको सिद्धान्त हो । भरतद्वारा प्रतिपाद्य रससूत्रको व्याख्याका क्रममा पछिल्ला विश्लेषकहरूले समर्थन गर्दै तिनीहरू कसरी काव्यको अध्ययनबाट प्राप्त हुन्छ भन्ने सन्दर्भलाई समेत जोडी यसको विवेचना गरेका छन् । संस्कृत र नेपाली काव्यचिन्तनमा अध्ययन गर्ने ती अध्येताका अनुसार विभाव, अनुभाव र सञ्चारिभावबाट रसानुभूति भई स्थायी भाव उद्दीप्त हुने प्रक्रिया रस नै रसको अभिलक्षण हो (मम्मट, सन् १९८३, पृ. ९२, विश्वनाथ, सन् १९८३, पृ. ९९, जगन्नाथ, २०२०, पृ. १००–१०६, अजितसेन, सन् १९७३, पृ. २४७, भट्टराई, २०७७, पृ. १००, शर्मा, २०५४, पृ. १५४, एटम, २०७४, पृ. १९४) । रससूत्रको व्याख्याका क्रममा भरतपछिका साहित्यशास्त्रीबाट यसलाई विभिन्न दर्शनसँग जोडी त्यसको सापेक्ष विवेचना भएको छ । भरतको रससूत्रलाई उत्पत्तिवादी मत (भट्टल्लोलट), नैयायिक दर्शन (शङ्कुक), साङ्ख्यमत (भट्टनायक) र अभिव्यक्तिवाद (अभिनव गुप्त)ले फरक-फरक मान्यतासहित विश्लेषण गरेका छन् (गौतम, २०५५, पृ.६८८-६९०) । रसको पारिभाषिक अभिलक्षण प्रस्तुत गर्ने यी मनीषीहरूका अभिमतमा यो कृतिपठनबाट आनन्दादि भावसौन्दर्यको आस्वादन गरी चित्तवृत्तिलाई विरेचित तुल्याउने काव्यतत्त्व हो ।

संस्कृति काव्यचिन्तनमा कृतिको पठनबाट रसबोध हुने विभिन्न आधार प्रस्तुत गरिएका छन् । भट्टलोल्लटले रसलाई कारण स्वरूप विभावादिको कार्य मानी विभाव नै रसोत्पत्तिको कारक ठानी संयोगात्को अर्थ विभावादिको सन्दर्भमा उत्पाद्य-उत्पादक, अनुभावका सन्दर्भमा ज्ञाप्य-ज्ञापक र सञ्चारिभावको सन्दर्भमा पोष्य-पोषक रहने पक्षको खोलुवा गरेका छन् (पृ ६८९) । रसप्राप्तिका विषयमा भएका मतमतान्तर र विश्लेषणले यसको दार्शनिक र सैद्धान्तिक आधारलाई बृहत्तर ज्ञानक्षेत्रसँग जोडे पनि तिनको सम्बन्ध भरतको रससूत्रबाट सम्पृक्त छैन । मूलभूत रूपमा रसप्राप्ति वा बोधको विषय विभाव, अनुभाव, सञ्चारिभाव र स्थायीभावमा सीमाबद्ध रहेको छ । रससूत्रले रससामग्रीअन्तर्गत स्थायी भाव, विभाव, अनुभाव र सञ्चारि/व्यभिचारी भावको प्रस्तुति तथा तिनका सैद्धान्तिक अभिलक्षणलाई अलग्गै विवेचना गर्नु उपयुक्त हुन्छ ।

रसग्रहणका लागि मुख्य प्रेरक तत्त्वका रूपमा विभाव हो । विभावले नै सुषुप्तावस्थामा रहेको स्थायी भावलाई जागृत गराउन कारकको भूमिका खेल्दछ । विभाव भनेको कारण श्रेणीको पदार्थ हो । यस अर्थमा कारण श्रेणीको तात्पर्य जुन विषयबाट भावानुभूति वा भावजन्य कारकको निर्माण हुन्छ त्यही सृजना अनुकरणमा विभावका रूपमा रहने गर्दछन् (सिग्द्याल, २०२८, पृ. ७) । विभावले मानव चित्तवृत्तिमा विद्यमान विविध विषयलाई सुषुप्तताबाट जागृतावस्थातर्फ डोहोऱ्याउने कारण अथवा मार्गको कार्य गर्दछ जुन कारणबाट सुषुप्त भावले जागृत हुने विषय विभावमा विषय र आश्रयको अन्वय भएको हुन्छ । विभावअन्तर्गत विषयः जसलाई लक्ष्य गरेर स्थायीभाव अङ्कुरित हुन्छ तथा आश्रयः जुन व्यक्तिमा

स्थायी भाव स्थापित हुन्छ । स्थायी भावलाई उद्दीप्त अर्थात् प्रकाशमा ल्याउने विभाव उद्दीपन विभाव हो । आधुनिक समालोचनाशास्त्रको विधासिद्धान्तले समेट्ने परिवेशसम्बद्धस्थान काल, परिस्थितिजस्ता विषय उद्दीपन विभावका अभिलक्षण हुन् (त्रिपाठी, २०३४, पृ. ४८२–४८४) । सारतः विभाव मानवीय मानसिकतासँग जोडिएको चित्तवृत्तिपरक विषय हो जुन भाव सम्प्रेषणका माध्यमबाट प्रष्फुटित हुँदै अभिव्यञ्जनाको तहसम्म वितरित र सञ्चरित हुनेगर्दछ ।

अनुभावले विभावका रूपमा आएका आलम्बन र उद्दीपनलाई रसभाव ग्रहण प्रक्रियाका लागि कारक र प्रेरक परिवेशको आश्वादन गर्ने रससामाग्रीको भूमिका खेल्दछ । मूलतः भाषा, अङ्गविशेष तथा सत्वद्वारा सम्पादित नानार्थद्वारा निष्पन्न अभिनयलाई अनुभूति गर्ने तत्त्वलाई अनुभाव भनिन्छ (गौतम, २०५५, पृ. ६८८) । नट/नटीहरूले नाटकीय अनुकरकरणका माध्ययमबाट विषयबोध गराउने सन्दर्भमा गरिने वाचिक, आङ्गिक र सात्विक अभिनयबाट र रसानुभूतितर्फ पाठक/श्रोत/दर्शक/भावकलाई अभिप्रेरित गर्ने तत्त्वका रूपमा अनुभवको भूमिका विशिष्ट छ । रससिद्धान्तको तेस्रो महत्त्वपूर्ण रससामाग्री सञ्चारि (व्यभिचारी) भाव हो । विशेषतः अस्थायी भावका रूपमा रहने सञ्चारिभावले विभावका रूपमा रहेका कारक र प्रेरक विषयलाई विविध भावभङ्गिमाका रूपमा रहने अनुभावको बाटोबाट पाठक/दर्शकसम्म पुऱ्याउन अहम् भूमिका खेल्दछ । अभिनयको क्रममा उठेका निर्वेदादि भावलाई रसपरिपाकको तहमा पुऱ्याउने तत्त्व सञ्चारिभाव हो (ऐजन, ६८८) । सञ्चारिभावले विभाव र अनुभावका रूपमा रहेका रससामग्रीलाई पाठकसम्म सञ्चरण गरी पाठकको मानसिकतामा अवशिष्ट स्थायी भावलाई सुषुप्ताअवस्थाबाट जागृतावस्थासम्म ल्याई रसास्वादनका लागि तत्पर तुल्याउँदछ । मानव चित्तवृत्तिमा विद्यमान विविधतापूर्ण भावको अवस्था नै स्थायी भाव हो । विरोधी हुन् वा अविरोधी हुन्, जुनसुकै भावले पनि हानी नभई पुष्ट हुने आदिदेखि अन्त्यसम्म रहिरहने प्रधान भाव नै स्थायी भाव हुन् (सिग्द्येल, २०२८, पृ. ७) । पूर्वीय काव्यचिन्तनले मानव मानसिकतामा अवशिष्ट रहेका रति, भय, उत्साह, क्रोध, शोक, घृणा, विस्मय, हास्य र शमजस्ता भाव सुषुप्ता वा जागृतावस्थामै पनि मानव मस्तिष्कमा रहने तथ्यलाई सकारेको छ । निष्कर्षतः रसलाई विभावादि अनुकर्ता तथा अनुभावादि अनुक्रियालाई सञ्चारि (व्यभिचारी) भावको सञ्चरण प्रक्रियाका माध्यमबाट पाठक/श्रोता मानसिकता वा मनोविज्ञानसम्म पुगेपछि रसानुभूति प्राप्त हुने विषयका रूपमा संश्लेषण गर्नसकिन्छ ।

**कविताको अङ्गीरसका रुपमा शान्तरस**

प्रस्तुत कवितामा मूलभूत रूपमा शान्तरस अङ्गी रस तथा भयानक र करुण रस शान्तरसकै पुष्टिका लागि आएका छन् । शान्त रसको अभिलक्षण शम अर्थात निर्वेद, अन्तिम सत्य अझ भनौ परमात्मा शान्ति र निराकार आनन्दजस्ता स्थायीभावको प्राप्ति हो । यस रसमा तीर्थाटन, सन्यास, मानसिक आनन्दको फलागम, सन्तुष्टि सृजना गर्ने परिवेश पर्यावरण आदि उद्दीपन विभावमा सहभागीका रूपमा आउने व्यक्तिको अनुभव वा चित्तवृत्तिमा स्थिरता विषय वासनारहित भावको अभिव्यञ्जनाको सञ्चार भई निष्पन्न हुने रस शान्तरस हो । प्रस्तुत कविताका अधिकतर पङ्क्तिगुच्छमा शान्त रसको प्रत्यक्ष अप्रत्यक्ष उपस्थिति रहेको छ भने निम्नलिखित अनुच्छेदमा समग्र कवितामा अभिव्यञ्जित यो रससम्बद्ध केन्द्रीय विषयको प्रस्तुति भएको छ ।

तिमीभन्दा लाखौं अझ धनी मानिस पनि
डुलेका छन् बाबा फगत भिखमङ्गा सरि बनी
विधाताको सारा अघट घटना सम्झ मनमा
सबै मेरो मेरो भनि नभुल यो मोह वनमा ॥ पौड्याल, २०७६, पृ. ९९

प्रस्तुत अनुच्छेदमा आलम्बन विभावका रूपमा सम्बोधक र सम्बोधितको सक्रिय उपस्थिति छ । यस कवितामा विभावअन्तर्गत आलम्बन विभावका रूपमा सम्बोधकको भूमिमा रहेको ‘म’ अर्थात् गौंथली र उसको कथनबाट उत्तेजित भएको सम्बोधित अर्थात् सहरी सभ्यतामा बाँचेको कुनै सम्पन्न मानिस प्रस्तुत भएका छन् । सम्बोधकको कथनबाट उत्तेजित मनुष्य अर्थात् सम्बोधितको मानसिकतामा उत्पन्न विद्रोह र प्रतिकारलाई सम्बोधन गर्दै उत्तेजित हुनु र उत्तेजनामा आउनुको तात्पर्य नै नरहने तथा मान्छेले आफ्ना कार्य र वृत्तिलाई मोक्षको आधार बनाउनुपर्ने कथ्यसन्देश प्रवाह गर्ने यस पङ्क्तिगुच्छमा विभावका रूपमा मानवेतर गौंथली र मानवचरित्र तथा तिनको संवाद र भावभङ्गिमा प्रस्तुत भएको छ ।

आलम्बन विभावका दुई अङ्गमध्ये विषयका रूपमा सम्बोधक अर्थात् गौंथली र आश्रयका रूपमा सम्बोधित मान्छे र उसका मानवीयता विपरीतको स्वभाव प्रस्तुत भएको छ । उद्दीपन विभावका रूपमा कथित् सभ्य नागरिकको घरमा गौंथलीको प्रवेश, गुँड बनाउने र बास बस्ने क्रममा भएको फोहोरबाट भड्किएको मान्छेको स्वभाव र उत्तेजित चरित्र, मान्छेमा अवशिष्ट धनको तुजुक र शक्तिहीन प्राणीमाथिको अत्याचारजस्ता विषयको सम्यक र सारपूर्ण कथनले स्थान प्राप्त गरेका छन् । यस पङ्क्तिगुच्छमा भूकम्पका कारण क्षतविक्षत भएको वातावरणमा आश्रयको खोजीका लागि अखण्डित संरचनाको खोजीमा रहेको गौंथली अर्थात् सम्बोधकको आशा र विश्वासका आधारमा सम्बोधितको घरमा प्रवेश गरेको परिवेश प्रस्तुत भएको छ । यस पङ्क्तिगुच्छमा सञ्चारि (व्यभिचारि) भावका रूपमा धन र धनमार्फत् प्राप्त वैभवको क्षणभङ्गुरता, सीमित आनन्दका लागि दीर्घ आनन्दप्राप्तिको मार्गमा स्वयम् बाधा सिर्जना गर्ने मान्छेको अज्ञानता र त्यसबाट मुक्तिको कारक अन्तस्करणको चेतनालाई जागृत गरी शान्त रहनु नै उत्तम विकल्प रहेको विषयबोध प्रस्तुत भएको छ । धनले सीमित स्थान, काल र परिस्थितिमा मान्छेलाई वैभव दिए पनि यसको दीर्घस्वरूप मानसिक शान्तिबाट मात्रै प्राप्त हुन्छ भन्ने कथ्यसन्देश प्रवाह गर्ने यस पङ्क्तिगुच्छमा सम्बोधकको कथनलाई आत्मसात् गर्ने प्रक्रियातर्फ सम्बोधित अग्रसर भएको विषयमा शम अर्थात् निर्वेद प्राप्त हुनु, तथा स्थायी भावका रूपमा मोहभङ्ग भई सम्बोभित निवृत्तितर्फ अभिमुख हुने सन्दर्भमा शान्तरस प्रतिपाद्य भएको छ ।

**अङ्गरसका रुपमा भयानक रस**

प्रस्तुत कवितामा शान्तरसलाई अङ्गीरसका रूपमा स्थापित गर्न अङ्ग रसका रूपमा भयानक रसको प्रस्तुति भएको छ । भयानक रसको अभिलक्षण त्रासजन्य वातावरणले सृजना गर्ने  परिस्थिति हो । यस रसमा त्रास तथा उद्वेग, सुनसान वातावरण, विषम परिस्थिति आदिका कारण यस रसको अनुभूति र सञ्चार हुने गर्दछ । मानव मनोविज्ञानमा त्रास उत्पन्न गर्ने विषय वा वस्तु र परिवेश विभावका रूपमा रहने यस रसको आलम्बन विभावका रूपमा भय सिर्जना गर्ने वस्तु/विषय, उद्दीपन विभावका रूपमा त्रास सिर्जना गर्ने वस्तु/विषयका चेष्ठा, अनुभावका रूपमा शरीरका अङ्ग काँप्नु, छालाको रङ परिवर्तन हुनु, डर, भय र त्रासका कारण पसिना आउनु जस्ता प्रक्रिया घटित हुन्छन् भने सञ्चारि भावका रूपमा आवेग, संवेग, घृणा, भय र मृत्युसम्मको घटना प्रतिफलित हुने गर्दछ । प्रस्तुत कवितामा शान्तरसलाई परिपाकावस्थामा पुऱ्याउन सहयोगी रसको भूमिकामा भयानक रस रहेको विषयलाई निम्नलिखित श्लोकले पुष्टि गर्दछन् ।

अहो !! त्यस्ता ताता नजर अति राता बिषसरि
तरी तात्यौ बाबा ! किन मन मनै त्यो रिस गरी
तिमी धर्मात्मा छौ घर–बीच म छू आज अतिथि
तिथी माघे औंसी शहरभर भुकम्प–फजिती । पौड्याल, २०७६, पृ. ९६

प्रस्तुत उद्धरणमा भूकम्पजन्य विभीषका र त्यसले मानव मनोविज्ञानमा सिर्जना गरेको भयका आधारमा भयानक रसको उपस्थिति भएको छ । यस उद्धरणमा विभावका स्थानमा सम्बोधितको भूमिकामा रहेको मानवचरित्रको भावभङ्गीमा र शारीरिक मानसिक प्रतिक्रियाका माध्यमबाट उत्पन्न भयको प्रस्तुति भएको छ । यस पङ्क्तिगुच्छमा विभावको अङ्ग सम्बोधक अर्थात् गौंथलीको भूमिका रहेको छ । विषय प्रस्तुतिका क्रममा सम्बोधितमा उत्पन्न क्रोध र हुङ्कारका अगाडि शक्तिहीन निरीह बनेको आश्रयलक्ष्यित घातका कारण भयभीत बनेको सम्बोधकको अनुनय अस्वीकृत भई थातबासबाट बञ्चित हुनुपर्ने तथा घरमालिकको व्यवहारबाट आतङ्कित भएको भय अर्थात् प्रतिकूलताको सिर्जना भएको । यस पङ्क्तिगुच्छमा उद्दीपन विभावका स्थानमा सम्बोधितका आक्रोशका कारण सम्बोधकको मानसिकतामा उत्पन्न भयका कारण सिर्जना भएको त्रासको प्रस्तुति भएको छ । आफूभन्दा शक्तिहीन वस्तुमाथि आधिपत्य स्थापित गर्ने तथा तिनको अस्तित्वलाई दमन गर्नका लागि शक्तिप्रदर्शन गरी शक्तिहीनको न्युनतम अधिकार दिनका लागि उत्तेजित भएको कथ्यविषय प्रस्तुत गर्ने यस पङ्क्तिगुच्छमा सञ्चारिभावका रूपमा सम्बोधकको मानसिकतामा उत्पन्न भय तथा त्यसको कारकका रूपमा सम्बोधितको कटाक्षपूर्ण हुङ्कार अर्थात् यसको घरमा बस्ननदिने निर्णयका कारण उत्पन्न परिस्थितिको सटीक चित्रणका माध्यमबाट भएको छ । भयका कारण आक्रान्त बनेको सम्बोधकका मानसिकतामा डर तथा त्यसबाट आतङ्कित परिवेशका कारण सम्बोधकले गरेका अनुभूति स्थायी भावका

रूपमा अभिव्यञ्जित यस पङ्क्तिगुच्छमा भयानक रस प्रतिपाद्य बनेको छ । सम्बोधकको कथनलाई आक्रोशपूर्ण प्रतिकार गर्ने सम्बोधितका क्रियाकलापका कारण स्वयम् सम्बोधकमा नै भयको सिर्जना हुने परिस्थिति निर्माण भई उक्त आक्रोशको व्यवस्थापन निर्वेदतर्फ उन्मुख हुने उत्कर्ष विन्दूका रूपमा अभिव्यक्त यस कथनले कवितालाई भयानक रसप्रधान रचनाका रूपमा नभई शान्तरसतर्फ सम्बोधकका अभिवृत्तिलाई बिस्तार गर्ने सन्दर्भमा सहयोगी अर्थात् अङ्गरसको भूमिकाका क्रममा प्रस्तुत भएको छ । यसै गरी यस कवितामा शान्तरस प्रस्तुतिको प्रयोजन परिपूर्तिका लागि भयानक रससँगै करुण रस पनि सहायक बनेको छ ।

**सहयोगी रसका रुपमा करुण रस**

करुण रसमा स्थायीभावका रूपमा आफन्त गुमाउनु पर्दाको पीडा वा त्यसले सृजना गरेको दुःख स्थायी भावका रूपमा रही विछोडिएका प्रेमी/प्रेमिकाइतरको सम्बन्धमा रहने सहभागी आलम्बन वियोगको परिवेश र कारुणिक परिदृश्य उद्दीपन विभावका रूपमा रहने गर्दछन् । आँसु, रोदन, चीत्कार, छट्पटी, बेचैनी र शोकाकुल वातावरण अनुभावका रूपमा रहने यस रसको आफन्तजनप्रतिको सम्मोहन सञ्चारिभावका रूपमा प्रतिफलित भई रसानुभूति प्राप्त हुने गर्दछ । यस कविताको निम्नलिखित अनुच्छेदमा करुणरसको अभव्यञ्जना भएको छ भने यसले अङ्गीरसका रूपमा शान्तरसलाई भावनिर्मितको आधार बनाउनका लागि महत्त्वपूर्ण भूमिका खेलेको छः

कूनै पल्टेका छन् मलिन मुख लाई रुखमुनी
कुनै रुन्छन् बाटो बीच नमिली सानु रुखपनि
कुनै भोका शोकाकुल मरिरहेछन् नगरमा
हरे तिम्रो यस्तो कुन तुजुक यो तुच्छ घरमा । पौड्याल, २०७६, पृ. ९८

महाभूकम्पको वास्तविकता र त्यसबाट उत्पन्न भयावह अवस्थाको प्रस्तुति भएको यस पङ्क्तिगुच्छमा करुणरसको उपस्थिति छ । यस पङ्क्तिगुच्छमा विभावका रूपमा सम्बोधक र सम्बोधित अर्थात् गौंथली र उसको घरधनी तथा प्राकृतिक विद्रुपताका कारण उत्पन्न दयनीय मानवअवस्था उपस्थित छन् । यस अनुच्छेदको आलम्बन विभावका रूपमा सम्बोधकले सम्बोधितलाई समाजको वास्तविकता बताइरहेको सन्दर्भ प्रस्तुत भएको छ । यस पङ्क्तिगुच्छको आलम्बन विभावअन्तर्गत विषयका स्थानमा सम्बोधक र सम्बोधित नै छन् भने आश्रयका रूपमा भूकम्पपीडित आमनेपाली नागरिकका साथै सृष्टिजगत्का आम पशुपङ्क्षीगण छन् । उद्दीपन विभावका रूपमा भूकम्पले क्षतिग्रस्त ग्रामीण तथा सहरी परिवेशमा सिर्जना भएको अस्तव्यस्ततासँगै आवास र भोजनविहीनताका कारण सृजित दयनीय मानवीय परिवेश छ । पङ्क्तिगुच्छमा अनुभावका रूपमा मान्छेको कारुणिक परिवेश, मलिन मुख, रुखमुनिको बास, आश्रयका लागि रुखको छायासमेत नपाउने दयनीयता, आममानिसको भोक, रोग, पीडा र छट्पटीजस्ता विषय प्रस्तुत भएका छन् । सञ्चारिभावका रूपमा आँसु, शोक, दरिद्रता र भयको सञ्चरण भएको यस पङ्क्तिगुच्छमा करुण र दया आदि स्थायी भाव प्राप्ति हुन् । मानवीय संवेदना र त्यसको उत्कर्षका रूपमा अभिव्यञ्जना हुने करुण रसप्राप्तिको आधार सृष्टि जगत्मा चलायमान प्राणीको दैनन्दिनीमा भूकम्पले पारेको प्रभाव तथा उक्त प्रभावका कारण उत्पन्न विषम मानवीय परिस्थितिले शोकलाई उद्दीप्त तुल्याएको छ । शोक र यसबाट उत्पन्न करुणाका माध्यमबाट यो मानवीय धर्म नभई सच्चा मानवधर्मका लागि शान्त र स्वचित्त हुनुपर्ने सम्बोधकको आग्रह अभिव्यञ्जित यस पङ्क्तिगुच्छमा करुणरस प्रतिपाद्य विषय बनेको छ ।

**निष्कर्ष**

शान्तरस प्रधान प्रस्तुत कवितामा मानव धर्म र त्यसको वस्तुपरक आचरणका कारण मुक्ति सम्भव रहेको तथा मान्छेले इहलोकको वैभवपूर्तिका लागि जस्तोसुकै कार्य गरे पनि ती सबै केही समयका लागि मात्र हुन् तथापि इहलोकभन्दा परको संसारमा धनप्रदत्त वैभवको काम र अर्थ नै नहुने विषयको प्रस्तुति रहेको यस कवितामा निर्वेद अर्थात् शान्ति वा मोक्षको परिकल्पना भएको छ । महाभूकम्पबाट उत्पन्न भय र त्यसले निर्माण गरेको विभत्सतालाई प्रस्तुत गर्ने भयानक रसको सार्थक उपस्थिति हुनुपर्ने यस कवितामा ती भीमकाय परिस्थितिबाट उत्पन्न निराशालाई स्वीकार गर्ने आधार वा वैराग्यको अभिव्यञ्जन नै शान्तरस प्राप्तिको आधार बनेको छ । यस कवितामा अङ्गीरसका रूपमा भयानक रसको प्रयोग पाइए पनि ती शान्तरसकै विषयलाई प्रतिपाद्य तुल्याउन उपस्थित भएका माध्यम मात्र हुन् । यस कविताको

अन्तर्वस्तु निर्मितिका लागि शान्तरसको भूमिका प्रधान रहेको देखिन्छ । एकातिर महाभूकम्पका कारण जर्जर सोच बनाएको मानिस र अर्कातिर अशान्त र ऐकान्तिक जीवनशैलीमा बाँच्न लागिरहेको सशरी परिवेशको मान्छेको मानसिकतालाई परिवर्तन गर्नका लागि पहिले उसका कठोर वचन र उपेक्षालाई स्वीकार गरी धीरतापूर्वक आफ्ना सन्देश सुनाई सुन्न र काम गर्न अभ्यस्त तुल्याउनु पर्ने कथ्यसन्देश प्रस्तुत गर्नका लागि शान्तरसको भूमिका महत्त्वपूर्ण देखिन्छ । व्यक्तिको चित्तवृत्तिलाई शान्त तुल्याई निवृत्तिमार्गी तुल्याउनका लागि यस कवितामा शान्त रसको प्रयोग सम्यक् देखिन्छ । यस कवितामा अङ्गरसका रूपमा भयानक रसको प्रयोग गरिएको पाइन्छ । नेपाली परिवेशमा १९९० सालको महाभूकम्पको त्रासदिलाई अभिव्यक्त गरी विपतमा पनि चित्तवृत्तिलाई स्थिर राख्न सक्ने मान्छे नै वास्तविक मानवतावादी हुने सन्देशका लागि यस रसको उपयोग गरिनु र यसकै आधारमा शान्तरसर परिपाकावस्थामा पुग्नुले यो अङ्गी रसका रूपमा प्रयोग गरिएको पुष्टि हुन्छ । यस कवितामा सहयोगी रसका रूपमा प्रयोग गरिएको करुण रसको अभिव्यक्ति विनासकालमा मान्छेको सहारा मान्छे मात्रै हुने सन्देश प्रवाहका लागि गरिएको पाइन्छ भने यसले शान्त रसप्रधान कृतिमा परिणत गर्न प्रेरक भूमिका खेलेको देखिन्छ । सारतः 'गौँथलीको चिरिबिरी' कविता रसप्रयोग र प्राप्तिका दृष्टिले शान्त रसलाई अङ्गी रसका रूपमा उपयोग गरी संरचित रहेको निष्कर्ष प्राप्त हुन्छ ।

## सन्दर्भ सामग्रीसूची

अजितसेन (सन् १९७३). *अलङ्कारचिन्तामणि*. (अनु./सम्पा.). नेमिचन्द्र शास्त्री, भारतीय ज्ञानपीठ प्रकाशन ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश*, नेपाल प्रज्ञा–प्रतिष्ठान ।

गौतम, देवीप्रसाद (२०५५). रस. (सम्पा.) ईश्वर बराल र अन्य. *नेपाली साहित्यकोश*, नेपाल प्रज्ञा प्रतिष्ठान ।

जगन्नाथ (२०२०). *रसगङ्गाधर*: प्रथमो भाग:. (व्याख्याकार) मधुसूदन शास्त्री, काशी हिन्दू विश्वविद्यालय, संस्कृत साहित्य अनुसन्धान समिति ।

पौड्याल, लेखनाथ (२०७६). *लालित्य* भाग १ (आठौँ संस्क.), साझा प्रकाशन ।

भट्टराई, गोविन्दप्रसाद (२०७७). *पूर्वीय काव्यसिद्धान्त*. (दोस्रो संस्क.), नेपाल प्रज्ञा–प्रतिष्ठान ।

भरत (२०४०). *नाट्यशास्त्र* (दोस्रो संस्क.), (व्याख्या.) बाबुलाल शुक्ल, चौखम्बा संस्कृत सिरिज ।

मम्मट (सन् १९८०). *काव्यप्रकाश*, मोतीलाल बनारसीदास पब्लिसर्स ।

विश्वनाथ (सन् १९८२). *साहित्यदर्पण* (छैटौं संस्क.), चौखम्बा विद्याभवन ।

शर्मा, रमणकुमार (२०५४). *साहित्यदर्पणकोश*, विद्यानिधि प्रकाशन ।

सिग्द्याल, सोमनाथ (२०२८). *साहित्यप्रदीप*, (दोस्रो संस्क.) पुस्तक संसार ।